धनराज गुरुङ्ग
उप–सभापति
नेपाली काँग्रेस केन्द्रिय कार्यसमिति तथा
सदस्य, संविधान सभा, नेपाल

Dhanraj Gurung
Vice-President
Nepali Congress Central Committee &
Member, Constituent Assembly, Nepal

# प्रेस बिज्ञाप्ति

मिति:२०८१/०७/२७

पत्रकार महोदय,

सर्वप्रथम पछिल्ला केही दिनदेखि मेराबारेमा लगातार भएका दुष्प्रचारप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको जानकारी गराउँछु । मितेरी सहकारीको रकम हिनामिना प्रकरणका बारेमा सत्य तथ्य नजिक नपुगी सम्प्रेषण भएका समाचार तथा दुष्प्रचारप्रति यहाँहरु समक्ष आफ्ना केही धारणा राख्न बाध्य भएको छु ।

२०५१ साल असार १७ गते ज्योती गुरुङ्गसँग मेरो विवाह भएको थियो । विवाहपश्चात हामीबाट दुई सन्तान, एक छोरा र एक छोरी जन्मिए । म विद्यार्थी राजनितिमा पहिल्यै देखि लागेकोले मेरो कमजोर आर्थिक अवस्थाका कारणले मैले मेरो तत्कालीन श्रीमती ज्योतीलाई मितेरी सहकारीको सञ्चालक समिति अध्यक्ष कुम्भराज गुरुङ्गसँग अनुरोध गरेर जागिरमा लगाएको थिएँ । उक्त जागिरमा लगाउनु नै मेरा लागि आज ठुलो अभिशाप भएको महसुस मैले गरेको छु । २०६६ सालसम्म हाम्रो सम्बन्ध राम्रो थियो । तर त्यसपछिका दिनहरुमा हामीबीचको सम्बन्धमा विस्तारै तिक्तता बढ्दै गयो । उनको रहनसहन नै बदलिन थाल्यो । रातिसमेत समयमा घर नआउने डिस्को, क्लब र दोहोरी जाने गरेको जानकारी मैले पाएँ । आफुखुसी कहिले बैङ्कक त कहिले सिङ्गापुर जाने क्रम बढेपछि हाम्रो सम्बन्ध झनै बिग्रिँदै गयो ।

एक्कासी २०७६ साल पुस महिनामा सहकारीको संचालक समितिका अध्यक्ष कुम्भराज गुरुङ्गले सहकारीमा समस्या आयो यसबारे छलफल गर्नुपर्‍यो, तपाईसँग सल्लाह लिनुपर्‍यो भनेर बोलाएपछि म गएको थिएँ । उक्त छलफलको क्रममा श्री कुम्भराज गुरुङ्गले मितेरी सहकारीको झण्डै ३ करोड रुपैँया सहकारीको सिनियर लेखापाल ज्योती गुरुङ्गमार्फत ज्योतीबहादुर भण्डारीलाई पटक-पटक गरी मिटर ब्याजमा लगानी गरेको तर असुल उपर हुन नसकेको भन्ने जानकारी गराएपछि मैले त्यसलाई अनुचित ठानेँ । म निरन्तर त्यस्ता विकृतिविरुद्ध लड्दै आइरहेको राजनीतिक व्यक्ति भएको हुँदा आफ्नै परिवार त्यस्तो क्रियाकलापमा संलग्न भएको सुन्नुपर्दा म छाँगाबाट खसेझैं भएँ । सो छलफलको क्रममा मैलै "तपाईहरुले यत्रो पैसा यसरी एउटा व्यक्तिलाई विश्वास गरेर दिनु नै ठुलो गल्ती गर्नु हो । अब तपाईंहरु जिम्मेवारीमा रहेको साथीहरुले जसरी भए पनि यो पैसा ज्योतीबहादुर भण्डारीबाट असुल उपर गर्नुपर्छ । आवश्यक परे प्रहरी प्रशासन लगाएर भए पनि यो पैसा उठाउने काम गर्नु होला । प्रहरी प्रशासनलाई कतै भन्नुपर्ने भएमा मलाई पनि भन्नु होला" भनी मैले भनेको थिएँ । सोही दिन बेलुका घरमा यसै सन्दर्भमा तत्कालीन श्रीमती ज्योति गुरुङसँग मैले यस्तो नहुने काम किन गरेको ? भनी सोध्दा उल्टै अफिसको कुरा तपाईंलाई के चासो भन्ने जवाफ फर्काएपछि झगडा झनै चर्कियो । घरमा श्रीमान् श्रीमती भेटघाट भयो कि झगडा हुन थाल्यो । यसै क्रममा एक दिन बेलुका झगडा सीमाहीन बन्न पुग्यो । त्यसपछि ज्योती गुरुङ घर छाडेर माइत हिँडिन् । उनी माइत गएको एक महिनापछि ललितपुर जिल्ला अदालतबाट मलाई पुर्जी आयो । अदालतमा उपस्थित भएँ । मेराविरुद्ध ज्योती गुरुङले सम्बन्ध बिच्छेदको निवेदन दिएको त्यहाँ पुगेपछि जानकारी पाएँ । यो कुरा थाहा पाएपछि मैले बच्चाहरुको लागि भए पनि सम्बन्ध बिच्छेद गर्नु हुँदैन भनेर अनुनय विनय गरेँ तर ज्योती गुरुङले माननीय न्यायाधीशकै अगाडि तथानाम बोलिन् र कुनै पनि हालतमा सम्बन्ध बिच्छेद गर्ने जिकिर गरेपछि हाम्रो २०७६ साल फागुन २९ गते सम्बन्ध बिच्छेद हुन पुग्यो ।

Mobile: 9851069204, Email : Dhanraj.grg2022@gmail.com,
Facebook : https://www.facebook.com/dhanraj.gurung.186, Twitter: https://twitter.com/dhanrgrg,
Central Office : Tel: 977-1-5183263/264, Fax: 977-1-5183266, Web: nepalicongress.org

धनराज गुरुङ
उप–सभापति
नेपाली काँग्रेस केन्द्रिय कार्यसमिति तथा
सदस्य, संविधान सभा, नेपाल

Dhanraj Gurung
Vice-President
Nepali Congress Central Committee &
Member, Constituent Assembly, Nepal

सम्बन्ध बिच्छेदको क्रममा घर धितो राखेर सहकारी बाट लिएको ऋण मैले तिर्ने सर्तमा उनले मसँग कुनै सम्पत्ति दावी नगर्ने गरी सम्बन्ध बिच्छेद भयो । सम्बन्ध बिच्छेद भएपछि ज्योती गुरुङसँग मेरो भेटघाट भएको छैन । उनी कहाँ छन् मलाई कुनै जानकारी छैन ।

मेरो चुनावको उमेदवारी दर्ता फारममा श्रीमतीको नाम ज्योती गुरुङ उल्लेख गरिएको भन्दै ज्योती गुरुङसँग भएको मेरो सम्बन्ध बिच्छेदलाई नक्कली भन्दै प्रचारबाजी गर्नेहरुले यो कुरा प्रष्ट बुझिदिन अनुरोध गर्दछु कि उमेदवारी दर्ता गर्ने दिनमा मात्रै म काठमाडौंबाट वालिङ् पुगेर उम्मेदवारी दर्ता गर्न जाँदा समय निकै घर्कीसकेको अवस्था एकातिर थियो भने अर्कोतिर ठुलो जुलुसका साथ उम्मेदवारी दर्तास्थलमा पुगेको अवस्थामा पार्टीका कार्यकर्ताले दर्ता फारम भरेर तयार राखिदिएको र कार्यकर्ताहरुलाई मेरो र तत्कालीन श्रीमती ज्योती गुरुङको बीचमा सम्बन्ध बिच्छेद भैइसकेको जानकारी नभएकाले श्रीमतीको नाम ज्योती गुरुङ नै उल्लेख गरिएको कुरा हाल मात्रै थाहा पाएँ । यस्तो प्राविधिक त्रुटिलाई लिएर म माथी प्रहार गर्नु निन्दनीय छ ।

अर्को कुरा २०७७ साल ११ महिना ३ गते पहिलेकै ऋणमा १२ लाख ऋण थप गर्ने क्रममा पहिलेकै ऋणको फाइलमा राख्ने भएकोले अरु केही भर्न नपर्ने भन्दै सहकारीको कर्मचारीले माथी १२ लाख (अक्षरुपी बाह्र लाख ) लेखेर तल मलाई सहि छाप गराएका थिए । पछि उक्त फारममा को कसले किन हकवाला भन्ने ठाउँमा श्रीमती ज्योती गुरुङ लेखेको हो ? यसबारे सम्बन्धित सहकारीलाइ नै जानकारी होला ।

सहकारीमा घर धितो राखी लिएको ऋण तिरेको सन्दर्भमा २०७८ साल चैत ४ गते १ करोड ८५ लाखमा सहकारीले नै घर बिक्री गरि उक्त सबै रकम सहकारीले नै लिएपछि पनि ८४ लाख ऋण अझै बाँकी रह्यो भनेपछि मैले यत्रो घर नै बिक्री गरेपछि फेरि ८४ लाख कसरी बाँकी रहन्छ भनी प्रतिप्रश्न गरेँ । तर सहकारीले बाँकी ऋण छ भनिरह्यो । मैले यो त म माथि अन्याय भयो भनिरहे । तर सहकारीले ब्याजको स्याज गर्दै ऋण बढाउदै लगेपछि धान्नै नसक्ने अवस्थामा पुगेपछि नाताले मेरो सम्धी पर्ने मीनबहादुर गुरुङबाट वकिल राखी लिखत गरी ऋण लिएर सहकारीको ऋण सम्पुर्ण रुपले चुक्ता गरेको हुँ । मेरो दायित्वमा रहेको ऋण चुक्ता गर्नु के अपराध हो ? मलाई 'ठग' भनी प्रचार गर्नेहरुले बुझुन् यदि म ठग, भ्रष्टाचारी भएको भए सहकारीको ऋण चुक्ता गर्न आफन्तसँग सहिछाप गरेर ऋण लिनुपर्थ्यो होला र ? मेरो निष्ठा माथि प्रहार गर्नेहरुले मैले जस्तै "मेरो सम्पत्ति छानबिन गरियोस्" भन्ने आँट राख्छन् कि राख्दैनन् ?

कानुन बमोजिम ललितपुर जिल्ला अदालतबाट गरिएको सम्बन्ध बिच्छेदलाई नक्कली बनावटी भनी मेरो दुईजना छोरा छोरीको भावनामाथि आँच आउने, खेलवाड गर्नेगरी जुन समाचारहरु आएका छन् त्यसप्रति मेरो गम्भीर आपत्ति छ । विभिन्न मिडिया र सार्वजनिक कार्यक्रमहरुमा म कांग्रेसको उपसभापति धनराज गुरुङलाई सरकारले जोगाएको हो, प्रहरीलाई अनुसन्धान गर्न रोकेको छ भन्नेजस्ता दुष्प्रचार गरी एकातर्फ सरकारका अनुसन्धान गर्ने निकायमाथि प्रहार गरिरहेको छ भने अर्कातर्फ मेरो राजनीतिक जीवनलाई नै प्रभावित गर्नेगरी बदनामी गरिएको छ ।

Mobile: 9851069204, Email : Dhanraj.grg2022@gmail.com,
Facebook : https://www.facebook.com/dhanraj.gurung.186, Twitter: https://twitter.com/dhanrgrg,
Central Office : Tel: 977-1-5183263/264, Fax: 977-1-5183266, Web: nepalicongress.org

धनराज गुरुङ्
उप–सभापति
नेपाली काँग्रेस केन्द्रिय कार्यसमिति तथा
सदस्य, संविधान सभा, नेपाल

Dhanraj Gurung
Vice-President
Nepali Congress Central Committee &
Member, Constituent Assembly, Nepal

म कृष्णप्रसाद भट्टाराईजस्ता सदाचारी नेताको अनुयायी हुँ। म निष्ठापूर्वक कहीँ कतै नचुकिकन भ्रष्टाचार विरुद्द इमान्दारीपूर्वक निरन्तर लड्दै आएको हुँ। जुन विकृतिका विरुद्ध मैले मेरो राजनीतिक जीवनभर लड्दै आएको छु त्यही विषय मेरो टाउकोमा थोपरेर मेरो राजनीतिक जीवन समाप्त पार्न खोजिएको हो कि भन्ने आशंका मैले गरेको छु। मैले गलत तरिकाले सम्पत्ति कमाएको भए राज्यका निकायले जहिले पनि छानबिन गर्न सक्नेछन्। । म नेपाल सरकारको कुनै पनि अनुसन्धान गर्ने निकायलाई अनुसन्धानमा सहयोग गर्न तयार छु। मजस्तो सादगी जीवन बिताउने, निष्ठाको राजनीति र सुशासनको पक्षमा जीवनभर लडिरहेको नेपाली कांग्रेसको इमान्दार कार्यकर्तालाई दैनिकजसो सार्वजनिक कार्यक्रम र मिडियाहरुमा ठग हो दोषी हो भनी कपोलकल्पित प्रचार गर्नु निन्दनीय छ।

यस प्रकारका दुष्प्रचारबाट भ्रमित नहुन नेपाली कांग्रेसका नेता, कार्यकर्ता तथा आम नागरिकमा अपील गर्दछु।

भ्रष्टाचार, कुशासन र बेथितिका विरुद्ध शरीरमा एक थोपा रगत रहेसम्म म सधैँ लडिरहने छु। मेरो पूर्व श्रीमती ज्योति गुरुङ जहाँ भए पनि झिकाइ अनुसन्धान गरियोस् र सहकारीको अपचलन गरेको पैसा पीडितलाई फिर्ता गरियोस्। जय नेपाल

धनराज गुरुङ

**प्रतिनिधि सभा सदस्य तथा उपसभापति-नेपाली कांग्रेस**

Mobile: 9851069204, Email : Dhanraj.grg2022@gmail.com,
Facebook : https://www.facebook.com/dhanraj.gurung.186, Twitter: https://twitter.com/dhanrgrg,
Central Office : Tel: 977-1-5183263/264, Fax: 977-1-5183266, Web: nepalicongress.org